# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०८१।०१।१४ गते।

## प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको।

जिल्ला सोलुखुम्बु, साविक जुभिङ्ग गा.वि.स. वडा नं. ५ को कि.नं. ५७९ र ५८१ जग्गाहरु नक्कली श्रेष्ता खडा गरी/गराई सरकारी जग्गा व्यक्तिको नाममा दर्ता गरेको भन्ने उजुरी निवेदन सम्बन्धमा अनुसन्धान हुँदा **मालपोत कार्यालय, सोलुखुम्बुका तत्कालीन खरिदार तेजनाथ पौडेल**ले तत्कालीन श्री ५ को सरकारको नाममा कायम भएको जिल्ला सोलुखुम्बु, जुभिङ्ग गा.वि.स. वडा नं. ५ को कि.नं. ५७९, ५८१ र १५२ बाट कित्ताकाट भई कि.नं. ६२०, क्षेत्रफल ३१००.०० व.मि., कि.नं. ६२२, क्षेत्रफल २५००.०० व.मि. र कि.नं. ६२४, क्षेत्रफल ४७००.०० व.मि. जग्गा बदनियतपूर्वक बुद्धमाया थापा मगरको जग्गाधनी दर्ता प्रमाण पूर्जामा गैरकानूनी तरिकाले थप गरी/गराई र सोही जग्गाधनी प्रमाण पूर्जाको आधारमा जग्गाधनी दर्ता श्रेष्तासमेत कायम गरी नेपाल सरकारको जग्गा व्यक्ति विशेषको नाममा दर्ता गरेको देखिँदा निजले गरेको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ज) र दफा ११ बमोजिमको कसुर भएको हुँदा निजलाई बिगो रु.६,१८,०००।- (छ लाख अठार हजार रुपैयाँ) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगो बमोजिम जरिवानाको सजाय गरी बिगो असुल उपर हुन र सोही ऐनको दफा ११ बमोजिमसमेत सजाय हुन मागदाबी लिइएको छ।

**नापी कार्यालय, सोलुखुम्बुका तत्कालीन अमिन टंक प्रसाद निरौला**ले तत्कालीन श्री ५ को सरकारको नाममा कायम भएको जिल्ला सोलुखुम्बु, जुभिङ्ग गा.वि.स. वडा नं. ५ को कि.नं. ५७९, ५८१ र १५२ बाट कित्ताकाट गरी कि.नं. ६२०, ६२२ र ६२४ को जग्गा बदनियतपूर्वक बुद्धमाया थापा मगरको नाममा गैरकानूनी तरिकाले प्लटरजिष्टर कायम गरी/गराई नेपाल सरकारको जग्गा व्यक्ति विशेषको नाममा दर्ता गरेको देखिँदा निजले गरेको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ज) र दफा ११ बमोजिमको कसुर भएको हुँदा निजलाई बिगो रु.६,१८,०००।- (छ लाख अठार हजार रुपैयाँ) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगो बमोजिमको जरिवानाको सजाय गरी बिगो असुल उपर हुन र सोही ऐनको दफा ११ बमोजिम समेत सजाय हुन मागदाबी लिइएको छ।

**जिल्ला सोलुखुम्वु, खुम्बु पासाङल्हामु गाउँपालिका वडा नं १, बस्ने बुद्धमाया थापा मगर र निजको नाती राम कृष्ण थापा मगरले** तत्कालीन श्री ५ को सरकारको नाममा कायम भएको जिल्ला सोलुखुम्बु, जुभिङ्ग गा.वि.स. वडा नं. ५ को किनं. ५७९, ५८१ र १५२ बाट कित्ताकाट भई कि.नं. ६२०, ६२२, र ६२४ को जग्गा निज बुद्धमाया थापा मगरले आफ्नो जग्गाधनी प्रमाण पुर्जामा र प्लटरजिष्टरमा थप गरी/गराई सरकारी निकायको कागजातमा गैरकानूनी तरिकाले थपघट गरी नेपाल सरकारको जग्गा आफ्नो नाममा दर्ता गरेको देखिँदा निज बुद्धमाया थापा मगरले गरेको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ज) र दफा ११ बमोजिमको कसुरको मतियार भई भ्रष्टाचार निवारण ऐन, २०५९

को दफा २२ बमोजिमको कसुर गरेको देखिएकोले निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ज) र दफा ११ बमोजिम हुने सजायलाई आधार मानी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ को प्रतिबन्धात्मक वाक्यांश बमोजिम मूख्य कसुरदारहरुलाई हुने सरह सजाय गरी बिगो रु.६,१८,०००।- असुलउपर हुन मागदावी लिनुपर्ने देखिए तापनि निजको मृत्यु भएको देखिएकोले फौजदारी न्यायको मान्य सिद्धान्तबमोजिम मृत्यु भएकाहरुको हकमा फौजदारी कसुरमा सजाय मागदावी लिनुपर्ने अवस्था नरहे तापनि मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३३ को उपदफा (२) तथा दफा १५८ को उपदफा (२), अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९क. र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४६ बमोजिम मृत्यु भएको व्यक्तिको हकमा समेत मुद्दा चलाउन र सरकारी वा निजि विगो, क्षतिपूर्ति वा रकम भराउन सकिने कानुनी व्यवस्था रहेकोले मत्यु भएको प्रतिवादी बुद्धमाया थापा मगरको हकमा निजले नेपाल सरकारलाई हानि पुऱ्याएको बिगो रु.६,१८,०००।- निजको नाती राम कृष्ण थापा मगरबाट असुल उपर हुन साथै निज राम कृष्ण थापा मगरको नाममा जग्गाधनी दर्ता श्रेष्ता कायम भएको जग्गा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४७ समेतको कानूनी प्रावधान बमोजिम नेपाल सरकारको नाममा फिर्ता हुन समेतको मागदावी लिइएको छ।

साथै प्रतिवादीहरु **फुर गेल्जे शेर्पा, डिम याङजि शेर्पा, ल्हाक्पा दिकि शेर्पा, पेम्बा शेर्पा, ल्हाक्पा गेल्जेन शेर्पा, शर्मिला राई र स्व. मिङमा ल्हमू शेर्पा**को नाममा हाल कायम रहेका कित्ताहरु तत्कालीन श्री ५ को सरकारको नाममा कायम भएको जिल्ला सोलुखुम्बु, जुभिङ्ग गा.वि.स. वडा नं. ५ को किनं. ५७९, ५८१ र १५२ बाट तहतह कित्ताकाट हुँदै निजहरुको नाममा कायम भएको हालको जग्गाधनी दर्ता श्रेस्ताबाट देखिँदा उक्त सरकारी जग्गाहरु भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४७ समेतको कानूनी प्रावधान बमोजिम नेपाल सरकारको नाममा जग्गा फिर्ता ल्याउने प्रयोजनको लागि मात्र प्रतिवादी बनाई आज विशेष अदालत, काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ।

प्रवक्ता
नरहरि घिमिरे